नेपाल सरकार

# राष्ट्रिय योजना आयोग

पत्र संख्याः-
चलानी संख्याः-

सिंहदरबार, काठमाडौं

## प्रेस विज्ञप्ति

राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठको संयोजकत्वमा रहेको राष्ट्रिय स्रोत अनुमान समितिले आगामी तीन आर्थिक वर्ष (२०८०/८१, २०८१/८२ र २०८२/८३) को राष्ट्रिय स्रोतको अनुमान तथा खर्चको सीमा निर्धारण गरेको छ। सो मुताविक राष्ट्रिय योजना आयोगले संवैधानिक निकाय, विषय क्षेत्रगत मन्त्रालय तथा संघीय सञ्चित कोषबाट व्ययभार हुने निकायहरुका लागि आगामी तीन आर्थिक वर्षको खर्चको सीमा तथा स्रोतसँगै बजेट तर्जुमा मार्गदर्शन तथा ढाँचासमेत सम्प्रेषण गरेको छ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा भएको व्यवस्था अनुसार राष्ट्रिय स्रोत अनुमान समितिले आर्थिक वर्ष २०८०/८१ को वार्षिक कार्यक्रम तथा बजेट र त्रिवर्षीय मध्यमकालीन खर्च संरचना तर्जुमाको लागि समष्टिगत तथा विषय क्षेत्रगत खर्चको सीमा निर्धारण तथा स्रोत अनुमान तयार गर्दा देहायका विषयवस्तुलाई प्रमुख आधारको रुपमा लिएको छ।

- संविधानमा उल्लेखित मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीति,
- पन्ध्रौं योजना र यसको मध्यावधि समीक्षा,
- चालु आर्थिक वर्षको मध्यमकालीन खर्च संरचना (२०७९/८०–२०८१/८२)
- नेपाल सरकारको नीति तथा कार्यक्रम
- वर्तमान सरकारका नीतिगत प्राथमिकता, न्यूनतम कार्यक्रम तथा सोको कार्यान्वयनको एकीकृत कार्ययोजना,
- खर्च आवश्यकता र क्षमता,
- संसदीय समितिबाट भएका निर्देशन तथा सरकारले गरेका प्रतिबद्धता,
- सन् २०३० सम्ममा दिगो विकास लक्ष्य हासिल गरी मध्यम आय भएको मुलुकमा रुपान्तरण हुने विषय,
- अतिकम विकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नति सम्बन्धी रणनीति,
- जलवायु परिवर्तन, खाद्य सुरक्षा लगायतका समसामयिक विषयहरु,
- मुलुकको अर्थतन्त्रको वर्तमान अवस्था र आगामी परिदृश्य,

राष्ट्रिय स्रोतको अनुमान तथा खर्च सीमा निर्धारण गर्दा आगामी तीन वर्षको आर्थिक वृद्धिदर आ.व. २०८०/८१, आ.व. २०८१/८२ र आ.व. २०८२/८३ मा क्रमश: ६.० प्रतिशत, ७.५ प्रतिशत र ८.० प्रतिशत रहने अनुमान छ। यसैगरी उपभोक्ता मुद्रास्फीति पहिलो वर्ष ६.५ प्रतिशत तथा दोस्रो र तेस्रो वर्ष ६.० प्रतिशतको सीमाभित्र रहने अपेक्षा

गरिएको छ। आगामी ३ वर्षको मध्यमकालीन आर्थिक खाकामा उल्लेखित परिसूचकका मान देहायअनुसार रहने अनुमान छ।

**तालिका १: मध्यमकालीन समष्टिगत आर्थिक लक्ष्य**

| क्र.सं. | सूचक/लक्ष्य | एकाइ | २०७८/७९ को यथार्थ | २०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ |
| १ | आर्थिक वृद्धिदर | प्रतिशत | ५.८ | ४.५ | ६.० | ७.४ | ८.० |
| १.१ | कृषि, वन तथा मत्स्य | प्रतिशत | २.३ | २.२ | ३.१ | ३.८ | ३.७ |
| १.२ | गैरकृषि | प्रतिशत | ६.१ | ४.५ | ६.१ | ८.५ | ९.० |
| १.२.१ | उद्योग | प्रतिशत | १०.२ | १०.३ | ६.८ | ९.० | ९.३ |
| १.२.१ | सेवा | प्रतिशत | ५.६ | ५.९ | ६.० | ८.४ | ९.० |
| २ | प्रतिव्यक्ति आय | अमेरिकी डलर | १३८१ | १४३४ | १५७२ | १७४० | १९३५ |
| ३ | उपभोक्ता मुद्रास्फीति | प्रतिशत | ६.२ | ७.५ | ६.५ | ६.० | ६.० |
| ४ | ब्याजदर (आधारदर) | प्रतिशत | ९.५ | १०.३ | ८.५ | ८.० | ६.५ |
| ५ | राजस्व वृद्धिदर | प्रतिशत | ३०.५ | -२.५ | १४.२ | १४.५ | १४.० |
| ६ | आन्तरिक ऋण (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा) | प्रतिशत | ४.८ | ४.४ | ३.७ | ३.४ | ३.० |
| ७ | भुक्तानी सन्तुलन | रु. अर्ब (+/-) | -२५५.३ | -१०.५ | -१०.२ | -२०.७ | -२५.५ |
| ८ | आर्थिक जोखिम सूचकाङ्क (EVI) | सूचकाङ्क | २४.७ | २४.७ | २३.५ | २३.० | २२.५ |
| ९ | मानव सम्पत्ति सूचकाङ्क (HAI) | सूचकाङ्क | ७४.९ | ७४.९ | ७७.० | ७८.० | ७९.० |

*स्रोतः राष्ट्रिय स्रोत अनुमान समितिको अनुमान, २०७९*

आगामी तीन वर्षका लागि प्रक्षेपित आर्थिक वृद्धिदरको लक्ष्य र विषय क्षेत्रबाट अपेक्षित उपलब्धि हासिल गर्न आवश्यक पर्ने खर्च र सोका लागि उपलब्ध हुन सक्ने स्रोतको प्रारम्भिक अनुमान तयार गरिएको छ। अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, राष्ट्रिय तथ्याङ्क कार्यालय र नेपाल राष्ट्र बैंकबाट प्राप्त विवरण समेत विश्लेषण गरी खर्च सीमा तथा स्रोत निर्धारणमा प्रक्षेपित आर्थिक वृद्धिदर, मुद्रास्फिति, ब्याजदर, विनिमयदर, राजस्व तथा वैदेशिक सहायता र आन्तरिक ऋण परिचालनलाई आधार लिइएको छ। वैदेशिक सहायताको अनुमान अर्थ मन्त्रालयबाट प्राप्त वैदेशिक सहायताको सम्झौता र प्राप्ति सम्बन्धी विवरणमा आधारित रहेको छ। आन्तरिक ऋणको सीमा कुल गार्हस्थ्य उत्पादनको ३.७ प्रतिशत रहने अनुमान गरिएको छ।

वित्तीय हस्तान्तरणतर्फ अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम राजस्व बाँडफाँट एवम् प्रदेश र स्थानीय तहको खर्चको अवस्था र आवश्यकताका आधारमा मुद्रास्फीति समेतलाई दृष्टिगत गरी हस्तान्तरण हुने रकमको अनुमान गरिएको छ।

चालु आर्थिक वर्षको अर्धवार्षिक अवधिसम्म राजस्व परिचालनमा देखिएको संकुचन, वैदेशिक सहायता परिचालनमा अनुदानको घट्दो प्रवृत्ति र विनिमय दरमा भएको वृद्धिका कारण सावाँ/ब्याज भुक्तानीमा पर्न सक्ने थप चाप तथा आन्तरिक ऋण भुक्तानिको व्ययभार समेतको विश्लेषण गरी राष्ट्रिय स्रोत परिचालनको यथार्थपरक अनुमान तथा प्रक्षेपण गरिएको छ। तलव भत्ता, निवृत्तिभरण, सामाजिक सुरक्षा लगायतका अनिवार्य दायित्व र क्रमागत तथा राष्ट्रिय महत्वका बहुवर्षीय आयोजनाको कार्यान्वयन स्थिति, रासायनिक मल आपूर्ति, अन्तर्राष्ट्रिय प्रतिवद्धताको कार्यान्वयनसँग सम्बन्धित व्ययभार, वित्तीय हस्तान्तरण आदिमा हुने खर्च समावेश गरी आवश्यकताका आधारमा त्रिवर्षीय खर्चको सीमा निर्धारण गरिएको छ। यस अनुसार आ.व. २०८०/८१, २०८१/८२ र २०८२/८३ मा नेपाल सरकारको कुल स्रोत क्रमशः रु. १६८८.४ अर्ब, रु.१८८०.३ अर्ब र रु. २०८८.९ अर्ब रहने प्रारम्भिक अनुमान छ। नेपाल सरकारले संकलन गर्ने राजस्व आगामी तीन आर्थिक वर्षमा सरदर १४ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ।

**तालिका २: राष्ट्रिय स्रोतको आगामी तीन वर्षको अनुमान तथा प्रक्षेषण**

(रकम रु. अर्बमा)

| विवरण | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
|---|---|---|---|
| **नेपाल सरकारले संकलन गर्ने कुल राजस्व** | **१४०३.४** | **१६०६.९** | **१८३१.९** |
| संघीय विभाज्य कोषबाट प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने राजस्व | १४६.० | १६७.२ | १९०.६ |
| नेपाल सरकारले परिचालन गर्ने राजस्व | १२५७.४ | १४३९.७ | १६४१.३ |
| **वैदेशिक सहायता** | **२०१.०** | **२०२.३** | **२०७.०** |
| अनुदान | २५.० | २६.० | २७.० |
| ऋण | १७६.० | १७६.३ | १८०.० |
| **आन्तरिक ऋण** | **२३०.०** | **२३८.३** | **२४०.६** |
| **नेपाल सरकार (संघ) को कुल स्रोत**<br>**(संघीय विभाज्य कोषबाट प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने राजस्व बाहेक)** | **१६८८.४** | **१८८०.३** | **२०८८.९** |

*स्रोतः राष्ट्रिय स्रोत अनुमान समितिको अनुमान, २०७९*

राष्ट्रिय योजना आयोगले त्रिवर्षीय मध्यमकालीन खर्च संरचना तथा आर्थिक वर्ष २०८०/८१ को वार्षिक कार्यक्रमको खाका सहितको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा ढाँचा, २०७९ तयार गरी स्वीकृत गरेको छ। सो मार्गदर्शन तथा ढाँचा सबै संवैधानिक निकाय तथा विषय क्षेत्रगत मन्त्रालय एवम् प्रदेश सरकारलाई समेत पठाइएको छ। विषयगत मन्त्रालय वा निकायहरुबाट वढी बजेटको माग हुने तर विनियोजित बजेट बाँडफाँट मुताबिक खर्च नहुने अवस्थालाई मनन् गरी बजेट प्रणालीको अनुमानयोग्यता र विनियोजन कुशलतालाई ध्यानमा राखी आगामी आर्थिक वर्षको लागि खर्च हुने वा खर्च गर्न सकिने कार्यक्रम तथा क्रियाकलापमा मात्र बजेट व्यवस्था गर्नु उपयुक्त हुने विषयलाई मार्गदर्शनमा विशेष जोड दिइएको छ। मार्गदर्शनले पन्ध्रौं

नेपाल सरकार
# राष्ट्रिय योजना आयोग

पत्र संख्याः-
चलानी संख्याः-

सिंहदरबार, काठमाडौं

योजनामा उल्लेखित सोच, लक्ष्य, उद्देश्य र रणनीतिको कार्यान्वयन गर्ने गरी मध्यमकालीन खर्च संरचना, वार्षिक विकास कार्यक्रम तथा बजेट तर्जुमा गर्न सहयोग गर्ने र प्रदेश तथा स्थानीय तहको वार्षिक विकास कार्यक्रम तथा बजेट तर्जुमाको लागि समेत नीतिगत मार्गदर्शन प्रदान गर्ने अपेक्षा गरिएको छ। मार्गदर्शनमा समावेश भएका प्रमुख विषयवस्तु देहाय अनुसार रहेका छन् :

- कार्यक्रम तथा आयोजना प्रस्तावका आधार र ध्यान दिनुपर्ने विषय,
- योजना तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता कार्यान्वयन सम्बन्धी मार्गदर्शन,
- समष्टिगत आर्थिक मार्गदर्शन,
- तहगत सरकारबाट कार्यान्वयन हुने कार्यक्रम तथा आयोजना सम्बन्धी मार्गदर्शन,
- विषय क्षेत्रगत कार्यक्रम तथा बजेट सम्बन्धी मार्गदर्शन,
    - आर्थिक क्षेत्र
    - सामाजिक क्षेत्र
    - पूर्वाधार क्षेत्र
    - अन्तरसम्बन्धित विषय क्षेत्र
- मध्यमकालीन खर्च संरचना र वार्षिक विकास कार्यक्रम तर्जुमा,
- कार्यक्रम तथा बजेट प्रस्ताव गर्दा पेश गर्नुपर्ने विवरण।

बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा ढाँचा तयार गर्दा नेपालको संविधानमा उल्लेखित मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीति, पन्ध्रौं योजनाको मध्यावधी समीक्षा र चालु आर्थिक वर्षको मध्यमकालीन खर्च संरचनालाई मुख्य आधार मानिएको छ । यसैगरी नेपाल सरकारको नीति तथा कार्यक्रम, वर्तमान सरकारका नीतिगत प्राथमिकता, न्यूनतम साझा कार्यक्रम तथा कार्यान्वयनको एकीकृत कार्ययोजना, संसदीय समितिबाट भएका निर्देशन तथा सरकारले गरेका प्रतिबद्धता, सन् २०३० सम्ममा दिगो विकास लक्ष्य हासिल गरी मध्यम आय भएको मुलुकमा रुपान्तरण हुने विषय, अतिकम विकसितबाट विकासशील मुलुकमा स्तरोन्नति सम्बन्धी रणनीति, राष्ट्रिय विकास समस्या समाधान समिति र उपसमितिको बैठकका निर्णय, मौजुदा कानुन, निर्देशिका तथा कार्यविधि, नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकारसूचीको कार्यविस्तृतीकरण प्रतिवेदन, अर्थ मन्त्रालयबाट जारी सार्वजनिक खर्च मितव्ययीता सम्बन्धी मापदण्ड, नेपाल पक्ष रहेका सन्धि, अभिसन्धि लगायतका विषयलाई मार्गदर्शन तर्जुमाको आधारका रुपमा लिइएको छ।

२०७९ फागुन १२ गते, शुक्रबार

राष्ट्रिय योजना आयोग
सिंहदरवार, काठमाडौं

फोनः ०१-४२११०३२, ४२१११३२, ४२११००४, फ्याक्सः ०१-४२११७००, ईमेलः npc@npc.gov.np, वेबः www.npc.gov.np